# गुरु पूणिमा : श्रद्धाको पूनित पर्व

स्वामी आनन्द अरुण, आचार्य, ओशो तपोवन

आषाढ महिनाको पूर्णिमा हिन्दुहरु एक विशिष्ट पर्वको रुपमा मनाउंछन् । गुरु प्रति श्रद्धा प्रकट गर्ने पर्वको रुपमा । गुरु शब्द नै हिन्दुहरुको विशिष्ट खोज हो । गुरु शब्दलाई अन्य कुनै भाषामा अनुवाद गर्न सकिंदैन ।। अंग्रेजी भाषामा निकटतम शब्द हो मास्टर । तर मास्टर शब्दमा मालिकपनको आभाष आाउछ । गुरु मालिक होइन, उ त सखा हो र परमात्मा पनि । उर्दुमा गुरुलाई उस्ताद भनिन्छ । उस्ताद र गुरु शब्दमा धेरै भिन्नता छ । संस्कृत बाहेक अन्य कुनै भाषामा गुरु शब्दको सहि अनुवाद गर्न सकिंदैन । गुरु पूर्णिमा समस्त शिष्यहरु को लागि एक विशिष्ट दिन हो ।

अन्य पूर्णिमालाई नमनाई आषाढ्को पूर्णिमालाई नै गुरु पूर्णिमा किन मनाइन्छ ? किनभने अरु पूर्णिमामा चन्द्रमा एक्लै हुन्छ आकाश खुल्ला हुन्छ । तर आषाढ् पूर्णिमामा गुरु चन्द्रमाको रुपमा आकाशमा चम्किरहेको हुन्छ र शिष्य रुपी बादलहरुले घेरिएको हुन्छ । शिष्य हो आकाशको अन्धकार रुपी बादल र गुरु हुन् प्रकाशित चन्द्रमा । यो काव्याात्मक प्रतिक मानेर नै हिन्दुहरुले आषाढ पूर्णिमालाई गुरु पूर्णिमाको रुपमा मनाउछन् ।

गुरुलाई चन्द्रमाको उपमा दिइएको छ । किन ? सूर्यको रुपमा पनि त सकिन्थ्यो ? सूर्य बढी तेजस्वी भएपनि चन्द्रमाको रुपमा गुरुलाई किन लिइयो भने सूर्यलाई हामी सोझै आखााले हेर्न सक्दैनौं । यस प्रतिकको अर्थ के हो भने गुरु परमात्माको प्रकाशले प्रकाशित हुन्छ । चन्द्रमाको आफ्नो कुनै प्रकाश हुदैन उसले सूर्यकै प्रकाशलाई परार्वतन गरेर शितल रुप प्रदान गर्छ । गुरुको काम के हो भने परमात्माको जुन प्रज्वल शक्ति छ, तेज छ त्यसलाई ग्रहण योग्य बनाई दिने । गुरुले परमात्मा र शिष्यको बिचमा सेतुको कार्य गर्दछ । यो सेतूको एक किनारा परमात्मामा छ र अर्को किनारा संसारमा छ । गुरु यस्तो चेतना हो जसको एक किनारा अन्धकारमा छ र अर्को किनारा परम प्रकाशमा छ । यस कारणले गुरुले हाम्रो भाषा बुझ्छ । परमात्मालाई हाम्रो भाषा सोझै बुझाउन कठिन छ । परमात्माको लागि हाम्रो सामान्य विछोड, प्रेम, दुख, पिडाको विशेष अर्थ छैन । किनभने परमात्मा यो सबैबाट निरपेक्ष छ । तर गुरु परमात्मा र मनुष्य दुबै हो । उसले मनुष्यको भाषा पनि बुझ्छ र परमात्माको मौन पनि बुझ्छ । मनुष्यको पिडा पनि बुझ्छ र परमात्माको समाधान पनि । मनुष्यको सापेक्ष द्:ख पनि बुझ्छ र परमात्माको निरपेक्ष वैराग्य पनि । यस्तो कल्याणकारी सेतुको रुपमा हामीले गुरुलाई लिएका छौं । त्यसैले चन्द्रमाको प्रतिक बडो काव्यात्मक छ । चन्द्रमाको प्रकाश पनि त सूर्यकै हो, गुरुको तेज पनि परमात्मा कै हो ।

गुरु पूर्णिमाको यो दिन गुरुलाई याद गर्ने, अहोभाव व्यक्त गर्ने , गुरु प्रति श्रद्धा प्रकट गर्ने दिन हो ।

हामीले गुरुलाई परमात्मा भन्दा पनि माथिको आदर दिएका छौं । भक्त सहजोवाई जो चरणदासको शिष्या थिईन, उनले गुरुको स्तुतिमा गाएकी छन्

राम तजूं पर गुरु न विसारु, गुरु के संग हरीको न निहारुं'

रामलाई, परमात्मालाई छाड्न सक्छु तर गुरुलाई विर्सन सक्दिन र गुरुको अघाडि परमात्मालाई पनि हेर्दिन' परमात्मा भन्दा पनि माथि गुरुलाई राख्ने यो गुरु भक्ति हाम्रो पूर्विय परम्परा हो । कबीरले पनि यो परम्परालाई अर्कौ उचाई दिनु भएको छ । कबीर भन्नुहुन्छ

तीन लोक नौ खंड में गुरु ते वडा ना कोय, करता करै न करी सकै गुरु करै सो होय' ।

तीनै लोक नौ खण्डमा गुरु भन्दा ठुलो अरु कोहि छैन र परमात्माले पनि जो गर्न सक्दैन त्यो गुरुले गर्न सक्छ'

हरी रुठे गुरु ठौर हे, गुरु रुठे नहि ठौर' ।

परमात्मा रिसाए भने गुरुले सहारा दिन सक्छ तर गुरु रिसाए भने परमात्माले पनि मद्धत गर्न सक्दैन'

कबीरा हरी के रुठते गुरुके शरणे जाए कहे कबीरा गुरु रुठते हरी नहि होत सहाय' ।

पूर्विय गुरु शिष्य परम्पराको कबीरका यी विशिष्ट अभिव्यक्तिहरु हुन् । गुरुलाई परमात्माको रुपमा मात्र नदेख्ने परमात्मा भन्दा पनि माथि देख्ने । हुन त यो आफैमा रहस्य छ । कबीरका यी वचनहरुबाट सामान्य

व्यक्तिलाई अलिक अचम्म पनि लाग्ला । पूर्वमा गुरुलाई भगवान भन्दा पनि पूज्यनिय मान्ने संस्कृति आफैमा गहन र बिशाल छ ।

परमात्मा भन्दा पनि माथि गुरुलाई राख्ने आफ्नै कारणहरु छन् । परमात्मा र मनुष्यको बिचमा ठुलो दुरी छ । हाम्रो लैकिक भाषा दुःखको र विषाद्को भाषा हो । यो भाषा निराकर परमात्मालाई बुझाउन मनुष्य असमर्थ छ । किनभने परमात्मा निरपेक्ष शान्तिमा डुबेको छ । निश्चल र निर्विकार छ । हामी सापेक्ष कुरा गर्छौ सानो सानो कुराले दुखी हुन्छौं, स सानो भावबाट प्रभावित हुन्छौं । मनुष्य र परमात्मा दुबैको बिचमा कडी हो गुरु । उसले हाम्रो कुरा पनि बुझ्छ, हाम्रो कुरालाई परमात्मासम्म पुऱ्याउन पनि सक्छ र परमात्माको अनन्त तेजलाई हाम्रो पात्रता अनुरुप हामीलाई दिन सक्छ । गुरुको माध्यमबाट मात्र परमात्मासंग संवाद हुन सक्छ । वासना, कामना, त्रिष्णाबाट ग्रसित शिष्यका भावहरु अचिन्त्य परमात्मालाई वुझाउन आत्मा प्रकाशित गुरुले मात्र सक्छ नकि कुनै सामान्य ज्ञानीले । सामान्य ज्ञानी र अज्ञानीको बीचमा गुणात्मक होइन संख्यात्मक भेद हुन्छ । ज्ञानीसंग अलिक ज्ञान बढी हुन्छ, सुचना बढी हुन्छ, स्मृतिको स्रग्रह हुन्छ अज्ञानीसंग अलिक कम हुन्छ । यो फरक गुणात्मक होईन संख्यात्मक हो । गुरु शिष्यको बिचमा जुन भेद हो त्यो गुणात्मक भेद हो । शिष्य अन्धकारमा छ गुरु प्रकाशित छ । गुरुमा ज्ञान, सुचना र संग्रह हामी भन्दा कम पनि हुन सक्छ तर गुरु आफैमा हामी भन्दा बढी छ । उ हुनु नै आफैमा ठुलो कुरा हो । कबीर आफैं अनपढ थिए, भक्त गोरा कुम्हार थिए, रैदास चमार । तैपनि हामीले वहालाई गुरु मान्यौं । गुरु कुनै ज्ञानले होईन उसको चेतनाको स्थितिले हों । स्वामी विवेकानन्द रामकृष्ण परमहंस भन्दा बढी ज्ञानी हुनुहुन्थयो । गुरुको जुन चेतना हो, बोध हो त्यो हाम्रो भन्दा विशाल छ, बृहत छ । यहि उसको विशेषता हो । गुरु विना होत न ज्ञान' गुरु विना ज्ञान हुन सक्दैन । गुरु विना आत्मसाक्षात्कार हुन सक्दैन ।

गुरु विना परमात्मालाई पाउन पूर्विय धर्महरुले असंभ्व ठाने । नानकले यहाा सम्म भन्नु भयो कि नि गुरुए का दर्शन वुरा' जुन व्याक्तिको गुरु छैन त्यस्तो व्यक्तिको विहान विहानै दर्शन भयो भने वुझ कि आजको दिन बिग्रीयो । नानकले यस्तो भन्नुमा कारण छ । जुन व्याक्तिको गुरु छ त्यो व्यक्ति विनम्र हुन्छ कमसेकम एक व्यक्तिलाई त उसले आफु भन्दा विशिष्ट मान्छ । एक व्यक्तिको चरणमा त झुक्छ । जसको गुरु हुदैन त्यो व्यक्ति अंहकारी हुन सक्छ । त्यो व्यक्तिले आफु भन्दा ठुलो कसैलाई मान्दैन । कसैको अगाडी झुक्दैन । नानकको यो कथनमा धेरै सत्य लुकेको छ । शिष्यहरुले गुरुको स्मरण र परमात्माको स्मरण एउटै मान्दछन् । त्यो सहि पनि हो । जसले ब्रह्मलाई जान्यो त्यो ब्रह्ममय नै हुन्छ । सच्चा गुरु हामी त्यसैलाई मान्छौं जो ब्रहममय भईसकेको छ । जसले परमात्माको साक्षात्कार गरिसकेको छ । जो पूर्ण संबुद्ध छ । त्यही व्यक्ति मात्र गुरु हुने अधिकारी हो । । सामान्य ज्ञानी व्यक्तिलाई गुरु भन्नु भुल हो । यस्तो ज्ञान भनेको हामीले बाहिरबाट सिकेको कुरा हो । गुरु उसलाई भनिन्छ जो स्व अनुभुतिद्वारा पुर्ण प्रकाशित छ । जसले परमात्मा साक्षात्कार गरिसकेको छैन उसले अरुलाई राम्रो साग बुझ्नै सक्दैन । जव सम्म सापेक्ष दृष्टिकोण छ, हामी पुर्ण सत्यको साक्षात्कार गर्न सक्दैनौं । परमात्मा साक्षात्कार भईसकेको व्यक्तिको दृष्टि निरपेक्ष हुन्छ । उसले निरपेक्ष सत्य बुझ्न सक्छ र सत्यको सबै आयामलाई पुर्ण दृष्टिले देख्न सक्छ । यस्तो व्यक्तिमात्र गुरु हुन सक्छ वास्तविक अर्थमा । यो संसारमा त्यही व्याक्ति परमात्माको सच्चा प्रतिनिधि हो । उसले शिष्यको लौकिक, पारलौकिक, आध्यात्मिक तीनै समस्या बुझ्न सक्छ । तीनै ताप बुझ्न सक्छ । त्रिविध तापबाट उसले त्राण दिन सक्छ ।

यस्तो एक व्यक्ति चाहियो जसले यो अन्धकारको बाटो अघि नै हिंडिसकेको छ । यस्तो एक व्यक्ति चाहियो जो हामी जस्तै दुखमा बसिसकेको छ । यस्तो एक व्यक्ति चाहियो जसले हामी जस्तै भुल गरिसकेको छ । जसले हाम्रो भाषा बुझ्न सक्छ र हामीलाई त्यस्तै भुलहरुबाट बचाउन सक्छ । त्यसैले गुरु आधा मनुष्य जस्तो छ र आधा परमात्मा जस्तो छ । अतित उसको मनुष्यको छ र वर्तमान उसको परमात्माको छ । त्यसैले गुरु एक सेतु हो दिव्य तथा नश्वरको, अमृतलोक तथा मृत्यलोकको बीच । यो सेतु बिना हामी यो संसारिक भवसागर पार गर्न सक्दैनौं । हामी डुब्न सक्छौं । त्यसकारण गुरु एक पुल हो साथै एक माध्यम पनि मृण्मय तथा चिन्मय बीचको ।

गुरु र शिष्य बिचको सम्बन्ध पनि बुझौं । यो सामान्य प्रेम होइन । सामान्यतया तीन थरीको सम्बन्ध थाहा छ हामीलाई । एउटा बासनाको सम्बन्ध जसमा प्रेम नगन्य हुन्छ र प्राय बासनाले सम्बन्धलाई डोऱ्याइरहेको हुन्छ । सामान्य संसारमा देखिने सम्बन्ध यहि हो । अर्को सम्बन्ध छ प्रेमको । जसमा आधा कामना हुन्छ र आधा प्रेम हुन्छ । आधा त्यसमा दैवीक गुण हुन्छ आधा मानवीय कमजोरी हुन्छ । त्यसकारणले प्रेम अति सुन्दर, मार्धुयमय, संगीतमय र काव्यमय हुन्छ । (There can happen nothing better that love in your life) प्रेममा अति तृप्ति प्राप्त

हुन्छ । त्यसैले प्रेम भन्दा ठुलो घटना कसैको जीवनमा केहि पनि हुन सक्दैन । अर्को तेस्रो सम्बन्ध छ श्रद्धाको । यसमा नगन्य कामना र अधिकांश निष्कामता हुन्छ र समर्पण हुन्छ । नगन्य कामना चाहि मुक्तिको कामना हो । परम मुक्तिको, मोक्षको कामना । गुरु जस्तै निर्वीकार, निष्कलंक र शुद्ध बन्ने कामना ।

कुनै पनि कामनाको सम्बन्ध क्षणिक हुन्छ, मन परेको वस्तुलाई प्राप्त गर्ने, राम्रो चिज देख्दा लोभ लाग्ने । कहि पनि आकषर्ण देख्दा कामना दौडिन्छ त्यो आकषर्णको वस्तु प्राप्त गर्नलाई । गहिरो प्रेम क्षणीक हुदैन । दुई चार जन्मको भावनात्मक सम्बन्ध नभईकन गहिरो प्रेम हुन सक्दैन । त्यसैकारण हामी भन्छौं प्रेम जन्मजन्मान्तरको सम्बन्ध हो । यदि तपाई कसैको गहिरो प्रेममा पर्नुभयो भने यो यही जन्मको मात्र भेटघाट होइन । तर श्रद्धा त्यो भन्दा पनि बहुत गहन सम्बन्ध हो । धेरै जन्म कसैलाई प्रेम गरेको छ भने मात्र त्यस प्रति यस जन्ममा श्रद्धा आउछ । गुरु शिष्यको जुन सम्बन्ध हो त्यो एक जन्मको मात्र सम्बन्ध होइन । हुन त शिष्यलाई याद हुदैन स्मृति हुदैन । शिष्यले ठान्छ कि मैले गुरु लाई खोजें, गुरुलाई भेटाएं र म गुरुलाई प्रेम गर्छु । तर शिष्यले गुरु खोज्न पनि सक्दैन किनभने शिष्य त अन्धकारमा छ उसले लुकेको प्रकाश कसरी खोज्न सक्छ ? गुरु प्रकाशमा छ उसले शिष्यलाई खोज्छ । मिश्रमा प्रचलित भनाई हामी कहा पनि चलनमा छ जव शिष्य तयार हुन्छ तव गुरु प्रकट हुन्छ' । आखै नभएको शिष्यले गुरुलाई खोज्न सक्दैन । प्रार्थना गर्न सक्छ, प्रतिक्षा गर्न सक्छ । त्यही गहन प्रतिक्षा र प्रार्थनामा गुरु प्रकट हुन्छ । जव शिष्य प्यासले तड्पिन्छ तब गुरु प्रकट हुन्छ उसको प्यास मेटाउन । गुरु प्रति असीम प्रेम, श्रद्धा र समादर प्रकट गर्ने यो अषाढ पूर्णिमा एक अनुपम अवसर हो । ब्राहमणको पर्व हो रक्षाबन्धन, क्षत्रियको पर्व हो दशैं, वैश्यको पर्व हो तिहार र क्षुद्रको पर्व हो होली । वर्णातीत शिष्यको सबैभन्दा ठूलो पर्व हो गुरु पूर्णिमा । यो पवित्र दिनको यस पावन अवसरमा म आफ्नो सदगुरु ओशो तथा अन्य अनेक सद्गुरुहरुको चरणमा आफ्नो श्रद्धा सुमन चढाउन चाहान्छु ।